# निर्णयहरु

१. जिल्लामा दोस्रो चरणको नयां भेरियन्ट सहितको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि हालसम्म भएका प्रयासहरुको समिक्षा गरियो। साथै मिति २०७८।३।३१ गते ३.०० वजेसम्म पाल्पा जिल्लामा कोभिड–१९ सम्बन्धमा रहेको निम्न बमोजिमको तथ्याङक आजको बैठकमा जानकारी गराइयो।

| सि नं | विषयवस्तु | दोस्रो भेरियन्ट | कैफियत |
|---|---|---|---|
| १ | जम्मा परीक्षण | १९,२२९ | |
| २ | कूल संक्रमित | ५,७७१ | |
| ३ | सक्रिय संक्रमित | ४८५ | |
| ४ | होम आइसोलेसनमा | ४५४ | |
| ५ | उपचाररत | ३१ | |
| ६ | निको भएका | ५,२४१ | |
| ७ | निधन | ७७ | |

२. जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) पाल्पाको मिति २०७८।३।२१ को निर्णय समेतका आधारमा पाल्पा जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय पाल्पाबाट जारी भएको मिति २०७८।३।२१ गतेको निषेधाज्ञालाई मिति २०७८/४/१० गते राती १२.०० सम्म यथावत कायम राखी कार्यान्वयन गर्ने।

३. सार्वजनिक सवारी साधनको हकमा सवारी साधनको सिट क्षमता भित्र मात्र यात्रु रहने तथा स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी जिल्ला भित्र मात्र संचालन हुने गरी जोर गते जोर नम्वर प्लेट र विजोर गते विजोर नम्बर प्लेटका गाडीहरु विहान ७.०० बजे देखि बेलुका ७.०० बजे सम्म मात्र संचालन गर्ने।

४. जिल्लामा कोभिड संक्रमणको दर अझै पनि उच्च नै रहेको पाइएकोले जिल्लाका सवै स्थानीय तहले स्वास्थ कार्यालयको समन्वयमा पिसीआर तथा एन्टीजेन परीक्षणलाई व्यापक बनाउने साथै परीक्षणको नतिजाको आधारमा संक्रमित व्यक्तिलाई समुदायमा घुलमिल हुन नदिन अनिवार्य रुपमा होम आइसोलेसनमा वस्ने व्यवस्था मिलाउन आफ्ना संयन्त्रहरु परिचालन गर्ने।

५. उपर्युक्तानुसारका सेवाहरु संचालन गर्दा तोकिएका सामाजिक दुरी र स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु सेवा प्रवाह गर्ने निकायहरु तथा सम्पूर्ण नागरिकहरुले अनिवार्य रुपमा पालना गर्ने। तोकिएका मापदण्डहरु पालना गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र सुरक्षा



योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

निकायको तर्फबाट नियमित रुपमा अनुगमन गर्ने। अनुगमनको क्रममा स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड पालना गरेको नपाइएमा संक्रामक रोग ऐन, २०२० तथा कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कारवाही गर्ने।

६. जिल्लामा नयां भेरियन्ट सहितको कोभिड–१९ को संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस अघि जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) पाल्पाको मिति २०७८।३।२१ को निर्णय समेतका आधारमा पाल्पा जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय पाल्पाबाट जारी भएको मिति २०७८।३।३१ गते राति १२.०० वजेसम्म कायम रहेको निषेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेको हुंदा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।३।३१ गते राति १२.०० वजेदेखि मिति २०७८।४।१० गते राति १२.०० वजेसम्मका लागि निरन्तरता दिने। यो आदेशको कार्यान्वयनमा जिल्लास्थित सम्पूर्ण निकायहरु व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकहरुका तर्फबाट सहयोग गर्ने।

२०७८।४।१५

**योगेन्द्र प्रसाद पाण्डे**
**प्रमुख जिल्ला अधिकारी**